# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# तानसेन, पाल्पा
# प्रदेश नं. ५

## हरित बसपार्क र इन्ड्रसट्रियल भिलेज निर्माण कार्यको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**पहिलो पटक सूचना प्रकाशित मिति २०७७/०४/२६**

तानसेन नगरपालिका नगर कार्यपालिका कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. ५ को वनदेवी क्षेत्रमा हरित बसपार्क निर्माण कार्य र वडा नं. ७ को कुन्सरे क्षेत्रमा इन्ड्रसट्रियल भिलेज निर्माण कार्यको विस्तृत परियाजना प्रतिवेदन (**DPR**) तयार गर्नु पर्ने भएकोले सो को लागि सार्वजनिक खरिद (पहिलो संशोधन )ऐन , २०७३ को दफा ६ क. बमोजिम यस तानसेन नगरपालिकामा चालु आ.व.२०७७/०७८ का लागि सूचिकृत भई मौजुदा सूचीमा रहेका परामर्शदाताहरुबाट सार्वजनिक खरिद नियमावली , २०६४ (संशोधन सहित) को नियम ७२ बमोजिम प्राविधिक सहयोग तथाँ परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषय क्षेत्रमा कार्य अनुभव र क्षमता भएका ईच्छुक व्यावसायिक फर्म/परामर्शदाता संस्थाबाट प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक परामर्शदाताले तानसेन नगरपालिकाबाट निशुल्क रुपमा उपलब्ध गराईने स्वीकृत RFP Document अध्ययन गरी प्राविधिक र आर्थिक प्रस्ताव तयार गरी संस्थाको आधिकारिक व्यक्तिको सहीछाप र दस्तखत गरी उक्त प्रस्तावहरु छुट्टाछुट्टै खाममा लाहछाप सिलबन्दी गरी पुन: प्रस्ताव एउटा खाममा लाहाछाप सिलबन्दी गरी खाम बाहिर कामको विवरण, फर्मको नाम र छाप लगाई मिति २०७७।०५।०९ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ ।

२. म्याद र समयभित्र दर्ता हुन आएको प्राविधिक र आर्थिक प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव मात्र सोही दिन दिनको १:०० बजे तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि प्राविधिक प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन । प्राविधिक प्रस्तावमा योग्य देखिएका परामर्शदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

३. प्रस्तावको छनौटको आधार गुणस्तर र लागत विधि हुनेछ ।

४. प्राविधिक प्रस्तावमा अध्ययन टोलीमा संलग्न हुने सबै जनशक्ति सहितको व्यक्तिगत विवरण परामर्शदाताबाट प्रमाणित गरी पेश गर्नु पर्ने छ ।

५. म्याद नाघी आएका तथा रित नपुगेका प्रस्ताव स्वीकार गरिने छैन ।

६. यस प्रस्ताव माग सम्बन्धी सूचनामा लेखिएका बाहेक अन्य कुराहरु RFP Document, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

७. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकामा सुरक्षित रहनेछ ।

२०७७।४।२५

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner